# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

घरेलु हिंशाको जघन्य प्रकार, सवै मिली गरौं यसको प्रतिकार

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

वर्ष-३ | अंक-३५ | २०७५ चैत्र ६ गते बुधबार | 20 March 2019 Wednesday | मूल्य रू. १०/-

## गहुँबारीमा तरकारी खेती

**मिसन न्यूज**

**कालिकोट** - खाँडाचक्र नगरपालिका-२ का स्थानीय किसानले गहुँबारीमा तरकारी खेती सुरु गरेका छन् । तरकारी बाट मनग्गे आम्दानी हुने भएपछि उनले गहुँ उखेलेर प्लास्टिक घरभित्र तरकारी खेती सुरु गरेका हुन् । सिँचाइको समस्याले गहुँ खेती गर्न थालेका स्थानीय किसानलाई नगरपालिकाले प्लास्टिक घर अनुदान दिएपछि गहुँ उखेलेर प्लास्टिक घरभित्र पुनः तरकारी खेती गर्न थालेका हुन् ।

१५ वर्षदेखि तरकारी खेती गर्दै आएकी खाँडाचक्र नगरपालिका-२ निवासी पुल्ती बिष्टले आफूहरूले २५ जनाको कृषक समूह गठन गरी गहुँ बाली उखेलेर प्लास्टिक घरमा तरकारी खेतीको सुरु गरेको बताइन् । 'पहिलेदेखि नै तरकारी खेती गर्दै आएका थियौं, तर सिँचाइ नहुँदा व्यावसायिक कृषक बन्न सकेका थिएनौं', उनले भनिन्, 'अहिले नगरपालिकाले प्लास्टिक घर सहयोग गरेपछि पुनः व्यावसायिक तरकारी खेतीमा फर्किएका हौं ।' नगरपालिकाले हाम्रो समूहमा तीनवटा प्लास्टिक घरका साथै पानी जम्मा गर्ने ट्यांकीसमेत निर्माण गरिदिएको छ । कृषक समूहमै



गहुँबाली उखेलेर प्लास्टिक घरभित्र लगाइएको तरकारी खेती ।

आबद्ध अर्की स्थानीय किसान अप्सरा बिष्टले सदरमुकामसँगै जोडिएको गाउँ भएकाले आफूहरूले तरकारी खेतीबाटै जीविका चलाउँदै आएको बताइन् । उनले भनिन्, 'परिवारको खर्च चलाउने अरु कुनै स्रोत छैन, प्लास्टिक घरभित्र तरकारी खेती गर्दा राम्रै आम्दानी भइरहेको छ ।' उनीहरूले प्लास्टिक घरभित्र बेमौसमी काँक्रा, फर्सि, टमाटरलगायत तरकारी बाली लगाएका छन् । खाँडाचक्र नगरपालिका कृषि शाखा प्रमुख पर्शुराम काफ्लेले नगरले कर्णाली राजमार्ग आसपासका किसानलाई समूहमा आबद्ध गरी तरकारी खेतीमा जोड दिएको बताए । उनले भने, 'राजमार्गसँग जोडिएका नगरपालिकाका विभिन्न वडामा गठन

बाँकी ८ पृष्ठमा..

## बदमासी गर्ने चालक बढे

**मिसन न्यूज**

**कालिकोट** - गत वर्षभन्दा यो वर्ष कालिकोटमा सवारीसाधान कारबाहीमा तेब्बरले वृद्धि भएको पाइएको छ । गत वर्ष ९९० सवारीसाधन कारबाही परेकामा चालू आर्थिक वर्षको आठ महिनामा कालिकोटमा २५ सय ५७ सवारीसाधन चालक कारबाहीमा परेका छन् । कारबाहीमा परेकामध्ये सबैभन्दा बढी मोटरसाइकल चालक रहेका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार चालू आवमा कारबाहीमा परेका चालकबाट ट्राफिक प्रहरीले १४ लाख ३३ हजार ५ सय रुपैयाँ राजस्व संकलन गरेको छ । ट्राफिक इन्चार्ज नमराज भट्टका अनुसार चालू आवको फागुन मसान्तसम्ममा कारबाहीमा परेका



चालकबाट उक्त राजस्व संकलन भएको हो । चालू आवको फागुन महिनामा मात्रै सबैभन्दा बढी राजस्व संकलन भएको थियो । भट्टका अनुसार, मंसिर महिनामा मात्रै १९४ सवारी चालक कारबाहीमा पर्दा १ लाख ११ हजार ५ सय राजस्व संकलन भयो । साउन महिनामा ४४ सरकारी मोटरसाइकल कारबाहीमा परेका छन् । जसबाट प्रहरीले ७० हजार ५ सय राजस्व संकलन गरेको छ । पछिल्लो समय जिल्लाका ग्रामीण भेगमा सरकारी कर्मचारीदेखि जनप्रतिनिधिले समेत बिनाअनुमतिपत्र सरकारी मोटरसाइकलको दुरुपयोग गरिरहेको जानकारी पाएको ट्राफिक कार्यालयका इन्चार्ज नमराज भट्टले बताए । बर्सेनि सवारी चाप बढ्नु र ट्राफिक नियम

बाँकी ४ पृष्ठमा..

## अस्पताल नजाँदा सुत्केरीको ज्यान गयो

**विश्नुप्रसाद न्यौपाने**

**कालिकोट** - आमा र बच्चाको अवस्था गम्भीर हुँदा पनि घरमै सुत्केरी गराउने प्रयास गर्दा कालिकोटमा एक महिलाको शुक्रबार राती ज्यान गएको छ । नरहरीनाथ गाउँपालिका-७ कि २० वर्षिया मीना शाहीको अत्यधिक रक्त श्रापका कारण ज्यान गएको हो ।

माल्कोट निवासी शाहीलाई सुत्केरी भएको पाँचौ दिनमा अवस्था गम्भीर भएपछि मात्र अस्पताल लगिएको थियो । सुत्केरी हुनुपहिले उच्छवस्थित स्वास्थ्य चौकीमा गर्भ जाँच गर्न गएकी मीनालाई त्यहाँकी अनमीले बच्चाको अवस्था ठिक नभएकाले सुत्केरी गराउन जिल्ला अस्पताल जान सुझाव दिएकी थिइन् ।



एम्बुलेन्स नहुँदा बिरामीलाई डोकोमा बोकेर जिल्ला अस्पताल लगिँदै ।

तर सल्लाह वेवास्ता गर्दै मीनाले घरमै बच्चा जन्माउने निधो गरेकी थिइन् । उनले यसअघि १६ वर्षको उमेरमा पहिलो सन्तान घरमै जन्माएकी थिइन् । उनले दोस्रो सन्तान मृत जन्माए पनि साल निस्किएन । पाँच दिनसम्म निरन्तर रक्त श्राप भएपछि बेहोस भएकी उनलाई शुक्रबार १२ बजेतिर गाउँका युवाले स्टेचरमा बोकेर जिल्ला अस्पताल पुर्‍याएका थिए । अवस्था गम्भीर भएकी मीनालाई जिल्ला अस्पतालमा उपचार

बाँकी ८ पृष्ठमा..

# समृद्धिको बाधक भ्रष्टाचार

**सितल महतो**

नेपाली समाजमा एउटा बहुप्रचलित उखान छ, 'जुन जोगी आए पनि कानै चिरेका' । नेपाली राजनीतिमा यसको अर्थ 'सबै दल उस्तैउस्तै' हो भन्ने बुझिन्छ। हुन त दलहरूले विभिन्न रङ र वादमा आफूलाई फरक-फरक देखाउन चाहन्छन् । सिद्धान्ततः लोकतन्त्रमा दललाई समाजको फरक मनोविज्ञान, वर्गीय आधार र विविधताको प्रतिबिम्बका रूपमा लिने गरिन्छ । समाजमा बहुस्वार्थ र बहुविचार हुन्छन्। राज्यसत्ता यस्तै फरक स्वार्थ र विचारको द्वन्द्व र व्यवस्थापनको शासकीय संरचना हो। हाम्रो समाजको मनोविज्ञान, सामाजिक र आर्थिक सम्बन्ध तथा संरचनामा पनि यस्तै विविधता छन् । त्यसैले, दलहरूमा पनि यस्ता विविधता हुनु स्वभाविकै नै हो।

विश्वमा देखिएको राजनीतिक प्रवृत्ति पनि यही नै हो। तर, पछिल्लो समयमा नेपाली राजनीतिमा सबै दललाई आमनेपाली नागरिकले उस्तैउस्तै ठान्ने गरेका छन्। उनीहरूको व्यवहार र कार्यशैलीमा कुनै तात्वविक फरक पाएको छैन । सिद्धान्त जे अपनाए पनि दलहरूको चरित्र भने उस्तैउस्तै देखिएको छ । भनिन्छ, सिद्धान्तले व्यवहारलाई दिशानिर्देश गर्छ तर नेपालको राजनीतिमा यो भनाइ पुष्टि भएको देखिएको छैन । सबै दलमा नेता, कार्यकर्ता र जनताको सम्बन्ध उस्तैउस्तै छ। सरकारमा जाँदा दलहरूको व्यवहार र कार्यप्रणालीमा खासै ठूलो फरक देखिएको छैन । उस्तै सरकार, उस्तै नेता, उस्तै गुट उपगुटहरू, उही अहंकार, उही भ्रष्टाचार । सत्ताका स्वार्थ चाख्ने दलहरू सबै उस्तैउस्तै देखिन्छ । उनीहरूको कार्यशैली, पद्धति, संस्कृति, प्रवृत्ति र जिम्मेवारीमा कुनै खास परिवर्तन देखिएको छैन । जनतासँग गर्ने व्यवहारमा पनि दलहरूबीच फरक छैन। कसैले पनि राजनीतिलाई विकास, सामाजिक तथा आर्थिक रूपान्तरण र नेपाली जनताको परिवर्तनको चाहनालाई पूरा गर्न सकिएन। जनताको परिवर्तन र समृद्धिको चाहनालाई दलहरूले केवल आफ्नो सत्ता स्वार्थका रूपमा प्रयोग गरे । देशको साधनस्रोत दलालहरूको नियन्त्रणमा पुगिसकेको छ।

शिक्षा, स्वास्थ्य, यातायात, इन्धन, भौतिक निर्माणजस्ता सार्वजनिक महत्वका क्षेत्रहरू सरकारको नियन्त्रणमा छैन । सबैतिर दलालहरू हाबी छन् र बिस्तारै उनीहरू आफैं राजनीतिक नेतृत्व तहमा पुग्दै छन्। पछिल्लो समयमा ठेकेदार, घरजग्गा कारोबारी, शिक्षा, स्वास्थ्य, बैकिङ क्षेत्रका व्यापारीहरू पनि सांसद बनिसकेका छन्। पैसा खर्च गरेर सांसद बनेका उनीहरू कुनै पनि दल वा नागरिकप्रति जिम्मेवार हुँदैनन् । उनीहरूको प्रमुख स्वार्थ भनेको नै सांसदको पदलाई आफ्नो स्वार्थ वा फाइदाका लागि प्रयोग गर्नु हो। यसरी राष्ट्रिय ढुकुटीको दुरुपयोग गर्ने अनेकन् छिद्र तयार पारिएका छन् । तिनको प्रयोग व्यक्ति र पार्टीका निम्ति निरन्तर हुँदै आएको छ। भनिन्छ, 'लोकतान्त्रिक शासन व्यवस्था सन्तुलन र नियन्त्रणमा टिकेको हुन्छ।' तर, ठूला राजनीतिक दल र त्यसका प्रभावशाली नेता र व्यक्तिका हकमा सन्तुलन र नियन्त्रणको व्यवस्थाले राम्ररी काम गर्न नसकेको अनुभव आमनेपालीसँग छ। राजनीति व्यक्तिगत र दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय स्वार्थ हासिल गर्ने सशक्त माध्यम हुन सक्नुपर्दछ। तर, मुलुकको राजनीति प्रणालीमा देखिएको विभिन्न खाले विकृति र विसंगतिले देशको दिगो आर्थिक तथा सामाजिक रूपान्तरणको जगलाई बलियो बनाउन सकिँदैन । नेपालको आर्थिक विकास हुन नसक्नुका प्रमुख कारण भ्रष्टाचार नै हो । तर, नेपालका विकाससम्बन्धी प्रगति प्रतिवेदनले कहिले पनि विकासको बाधकका रूपमा भ्रष्टाचारलाई स्वीकार गरेको पाइँदैन । यसलाई प्रभावकारी रूपमा नियन्त्रण गर्नुपर्छ भनेर गाउ-देखि सहर हुँदै केन्द्रसम्म सशक्त नीति तथा कार्यक्रम आउँदैन । जबसम्म भ्रष्टाचार गर्ने र गराउनेको समूल नष्ट गर्न सकिँदैन, तबसम्म मुलुकको आर्थिक विकासको गति अगाडि बढ्न सक्दैन। जब कुनै देश भ्रष्टाचारको दुष्चक्रमा फस्छ, अनि त्यो देशको आर्थिक रूपान्तरण सहज रूपमा अगाडि बढ्न सक्दैन।

भ्रष्टाचार गर्नु भनेको गरिबी भएर मात्र होइन, त्यसको खराब प्रवृत्ति, मानसिकता र संस्कार नै प्रमुख कारक हो । ट्रान्सपरेन्सी इन्टरनेसनलले हालै सार्वजनिक गरेको प्रतिवेदनले विश्वका १८० देशमा गरेको सर्वेक्षणमा नेपाल १२४औं स्थानमा परेको देखिन्छ । नेपालले सय पूर्णाङ्कमा ३१ अंक मात्र प्राप्त गरेको छ। गत वर्षको सर्वेक्षणमा समेटिएका १८० मुलुकमध्ये नेपाल १२३औं स्थानमा थियो। त्यो वर्ष पनि नेपालले कुल ३१ अंक नै प्राप्त गरेको थियो । नेपालभन्दा पछाडि रहेका मुलुकले सुशासनमा गरिएको सुधारका कारण सूचकांकमा नेपालको स्तर गत वर्षभन्दा दुई स्थान तल खस्केको हो। गत वर्ष अर्जेन्टिना, इस्टोनिया, सेनेगल, गुयना, कोट डी आइभोरीलगायतका २० मुलुकले सुशासनमा सुधार गरी भ्रष्टाचार अवधारणा सूचकांकमा आफ्नो स्थान सुधार गरेका छन् । तर, नेपालसहित माल्टा, हंगेरी, टर्की, चिली, अस्ट्रेलियालगायत १६ मुलुकको सुशासन खस्किएकाले भ्रष्टाचार अवधारणा सूचकांकमा तल झरेका छन्। दक्षिण एसियाली मुलुकहरूमा नेपालभन्दा पछाडि बंगलादेश र अफगानिस्तान मात्रै रहेको सो प्रतिवेदनमा उल्लेख छ । भारत, पाकिस्तान, श्रीलंका, भुटान र मालदिभ्स नेपालभन्दा अगाडि रहेका छन्। यसले पनि दक्षिण एसियामा नेपाल बढी भ्रष्टाचार हुने मुलुकका रूपमा आफूलाई स्थापित गरेको देखिन्छ । भ्रष्टाचार अवधारणा सूचकांक २०१८ तयार पार्नका लागि विभिन्न ६ वटा अन्तर्राष्ट्रिय संस्थाहरूले सरकारद्वारा सार्वजनिक क्षेत्र र त्यसका पदाधिकारी हरूको कामकारबाहीमा निगरानीको स्थिति, नागरिक समाजलाई राज्यका काम कारबाहीको जानकारीमा पहुँच, आयात-निर्यात, सार्वजनिक सेवा, कर भुक्तानी, ठेक्कापट्टा, न्यायप्राप्तिका लागि घुस, व्यापार, व्यवसाय, ठेक्कापट्टा, आयात-निर्यातमा भ्रष्टाचार, सार्वजनिक पद दुरुपयोगमा कारबाही, सरकारबाट भ्रष्टाचार नियन्त्रण, सरकार, न्यायालय, संसद् र सुरक्षा निकायका पदाधिकारी हरूद्वारा निजी स्वार्थका लागि पदको दुरुपयोग र राजनीतिक भ्रष्टाचारको व्यापकताजस्ता विषयमा सर्वेक्षण गरेको थियो । सूचकांकले बढी भ्रष्टाचार हुने मुलुकमा नियमन र नागरिक अधिकारको स्थिति अत्यन्तै कमजोर रहेको तथा लोकप्रियतावादी नेताहरूले लोकतान्त्रिक मूल्य, मान्यता र शक्ति सन्तुलन विपरीत काम गर्दै भ्रष्टाचार नियन्त्रणको मुद्दालाई आफूअनुकूल बनाएको समेत सो प्रतिवेदनले औंल्याएको छ।

त्यस्तै, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदनलाई विश्लेषण गरेर हेर्ने हो भने भ्रष्टाचारसम्बन्धी उजुरी, मुद्दा, दर्ता, कारबाहीको संख्या र बिगो तथा धरौटी रकमको अवस्था पहिलेका वर्षभन्दा धेरै गुणाले बढेको देखिन्छ । यसले पनि नेपालमा बढी भ्रष्टाचार हुने गरेको प्रमाणित हुन्छ। अहिले मुलुकमा संघीय लोकतान्त्रिक व्यवस्था छ । सो व्यवस्थाअनुसार तीनै तहको निर्वाचन सम्पन्न भएर सरकार गठन भएको एक वर्ष पनि पुगेको छ। तर, पनि मुलुकको सार्वजनिक क्षेत्रमा भ्रष्टाचारमा कमी आएको छैन। व्यापार व्यवसायका लागि घुस र कमिसन खुवाउनुपरेको, सार्वजनिक पद र अधिकारको दुरुपयोग नरोकिएको, अनुगमन र कारबाहीमा राज्यका अंगहरू निष्क्रिय रहेकाले दण्डहीनता बढेको र भ्रष्टाचारले प्रश्रय पाएको, सूचनामा नागरिकको पहुँचमा कमी, राजनीतिमा भ्रष्टाचारजस्ता दीर्घकालीन समस्या विद्यमान रहेकाले भ्रष्टाचार सूचकांकमा नेपालको स्थान सुध्रिन नसकेको प्रतिवेदनमा उल्लेख छ । नेपालमा भ्रष्टाचार बढेकाले लोकतन्त्रसमेत कमजोर बनेको विश्लेषण गरिएको छ।

## साताको भाग्यफल

**मेष** : अरूको भर पर्दा लक्ष्यमा पुग्न समस्या पर्नेछ। आफन्तको सहयोग जुट्नाले चिताएको काम भने सहज रूपले बन्नेछ। अध्ययनमा विशेष प्रगति हुनेछ।

**वृष** : सोखले खर्च निम्त्याए पनि इच्छाशक्ति बढ्नाले लक्ष्य प्राप्त गर्ने साहस जुट्नेछ। सरल जीवनशैलीले धेरैलाई प्रभावित पार्न सकिनेछ।

**मिथुन** : बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ।

**कर्कट** : आफन्तहरू नजिकिनाले मन प्रफुल्ल हुनेछ। इच्छाशक्तिले लक्ष्यमा पुर्याउनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ।

**सिंह** : प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला। तापनि रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ।

**कन्या :प्रारम्भमा आम्दानीको क्षेत्र फराकिलो भए पनि प्रतिस्पर्धाले खर्च बढाउनेछ। आ` नो श्रमबाट अरूले फाइदा उठाउन सक्छन्।**

**तुला** : प्रारम्भमा केही विवादास्पद काममा जुट्नुपरे पनि दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ। मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ।

**वृश्चिक**: प्रारम्भमा केही चुनौती देखिए पनि सामाजिक क्षेत्रबाट हौसला प्राप्त हुनेछ पहिलेको उपलब्धिले उत्साह जगाउनेछ।

**धनु** : प्रारम्भमा अस्वस्थताका बाबजुद कामको बोझ बढ्नेछ। अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन सक्छ।

**मकर** : प्रारम्भमा रमाइलो यात्रा हुन सक्छ। प्रियभेट हुनाले मनमा आनन्द मिल्नेछ। विभिन्न अवसर प्राप्त हुनेछन्।

**कुम्भ** : स्वास्थ्यचिन्ताले सताए पनि साता फलदायी नै रहनेछ। मिहिनेत गर्दा राम्रै उपलब्धि हातपार्न सकिनेछ। व्यापार र उद्योगमा फाइदा हुनेछ।

**मीन** : काममा केही अवरोध देखिए पनि पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। अध्ययनमा सफलता प्राप्त हुनेछ भने नयाँ कार्य थालनी हुन सक्छ।

# मेलमिलापका पदाधिकारीलाई ४ दिने अभिमुखिकरण तालिम

**मिसन न्यूज**

**कालिकोट**-जिल्लाको खाँडाचक्र नगरपालिकामा लैङ्गीक हिंसा निवारणका लागि न्यायीक समितिका सदस्यहरुलाई ४ दिने अभिमुखिकरण कार्यक्रम सुरु भएको छ । खाँडाचक्र नगरपालिका महिला तथा बालबालिका शाखा र नगरपालिकाको संयुक्त आयोजनामा ४ दिने अभिमुखिकरण कार्यक्रम सुरु भएको हो । स्थानीय निकाय मध्य पहिलो पटक यस्तो कार्यक्रम सुरु गरेको छ ।

खाँडाचक्र नगरपालिका न्यायीक समितिका संयोजक विजया विष्टको अध्यक्षता तथा खाँडाचक्र नगरपालिका प्रमुख जसीप्रसाद पाण्डेको प्रमुख आतिथ्यतामा अभिमुखिकरण कार्यक्रम सुरु भएको हो । अभिमुखिकरण कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि नगरपालिकाका प्रमुख जसीप्रसाद पाण्डेले खाडाचक्र नगरपालिकाका ११ वटै वडामा मेलमिलाप केन्द्र गठनभईसकेपछि उक्त मेलमिलाप केन्द्रका संयोजक र सदस्यहरुलाई अभिमुखिकरण दिन लागिएको बताउनुभयो। उहाँले भन्नुभयो, 'जात जाती, पाटी, आफ्नो पराइ भनेर न्याय सम्पादन नगर्न आग्रह गर्नुभयो ।' जिल्लाको मुटु मानिएको खाडाचक्र नगरपालिकाले ११ वटै वडामा मेलमिलाप समिति गठन गरेकाले अव नगरपालिका भित्रका जनताले न्यायको अनुभुति पाएको महसुष हुने गरि काम गर्न मेलमिलाप केन्द्रका संयोजक र सदस्यलाई आग्रह गर्नुभयो। खाँडाचक्र नगरपालिकामा कुनै पनि फौजदारी अभियोग र मेलमिलाप केन्द्रले हेर्न नपाउने मुद्धा बाहेक अन्य मुद्धा अभिमुखिकरण तालिम पश्चात गाउँघरमै मिलाउन सक्ने हुनुपर्ने धारणा राख्नुभयो । मेलमिलाप केन्द्र र न्यायीक समितिका सदस्यहरुलाई पुर्नताजकीयका लागि नगरपालिकाले विभिन्न समयमा तालिम र अभिमुखीकरण कार्यक्रमको आयोजना गर्ने प्रतिवद्धता व्यक्त गनूभयो । अभिमुखिकरण कार्यक्रमको उद्घाटन समारोह समापन गर्दै खाडाचक्र नगरपालिकाका उपप्रमुख एवं न्यायीक समितिका संयोजक विजया विष्टले महिला तथा बालबालिका शाखाको ५० हजार र नगरपालिकाको केही रकमको सहयोगमा मेलमिलाप केन्द्रका सदस्यहरुका लागि अभिमुखिकरण कार्यक्रमको आयोजना गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, 'साना(साना मुद्धाका लागि जिल्लामा आएर खर्च बढी बढ्ने गरेकाले अव त्यस्ता मुद्धा गाउँमै मिलाउन केन्द्र गठन गरिएको हो ।' ४ दिनसम्म चल्ने अभिमुखिकरणको सहजिकरण अधिवक्ता अम्मलराज शाहीले गर्नुहुने भएको छ ।



महिला तथा बालबालिका शाखाले आयोजना गरेको अभिमुखिकरणमा उपस्थिति नगरप्रमुख र उपप्रमुख ।


## सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।**

खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

**सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।**

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

**नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## बदमासी गर्ने.........................

जानाजान उल्लंघन गर्नुले बढी सवारी चालक कारबाहीमा पर्ने गरेको इन्चार्जले बताए ।

**धमाधम जनचेतना,व्यवहारमा शून्य**
जिल्ला ट्राफिक प्रहरी कार्यालयले जिल्लाका विभिन्न स्थानमा दिनहुँजसो सवारी दुर्घटना न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गरेको छ । तर, शिक्षित व्यक्ति नै दुर्घटनामा बढी पर्ने गरेका हुन् । विद्यालयस्तरबाटै ट्राफिक प्रहरीले सचेतनामूलक कार्यक्रम सञ्चालन गरे पनि सिकेको ज्ञानलाई व्यवहारमा नउतार्दा दुर्घटना न्यूनीकरण हुन सकेको छैन । चालू आवमा मात्रै ट्राफिक प्रहरीले ३ हजार ३९३ विद्यार्थीलाई ट्राफिक नियमका विषयमा जानकारी गराएको छ ।
२३ वटा विभिन्न विद्यालयमा प्रहरीले फरकफरक मितिमा कार्यक्रम गर्दै चेतना अभिवृद्धि गरे पनि प्रहरीले चलाएको अभियान सफल हुन सकेको छैन । ट्राफिक प्रहरीले सामुदायिक सेवामार्फत व्यावसायिक चालक तथा परिचालक र सर्वसाधारणलाई पनि सचेतना जगाउन कार्यक्रम सञ्चालन गरेको छ ।


## क्षयरोग (टि.बी.) का लक्षणहरु

**१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साँझ पख सधै ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।**

**शुभकालिका गाउँपालिका कार्यालय**
**कालिकोट**

## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**पलाँता गाउँपालिका कार्यालय**
**कालिकोट**

**व्यावसायीक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृषि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**


# स्वास्थ्य

## किन निदाउँछन् हातखुट्टा ?



बेलाबेलामा हातखुट्टा निदाउँने वा झमझम गर्ने समस्या प्राय धेरैलाई हुनेगर्छ । एकैठाँउमा नचलिकन बस्दा वा खुट्टा खुम्च्याएर बस्दा प्राय खुट्टा निदाउने गरेको पाइन्छ । खुट्टा भारी भएजस्तो हुने,स्पर्श अनुभव गर्न नसक्ने, झन्झनाहट हुने अवस्थालाई खुट्टा निदाएको भनिन्छ। खुट्टामा दवाव पर्न जाँदा यस्तो हुने गर्छ । हाम्रो शरीरमा स्नायुकोषहरूले मष्तिस्कसम्म पुर्‍याउने काम गर्छ । शरीरका अन्य भागमा जस्तै खुट्टामा पनि कैयौं स्नायुको कोषहरू हुने गर्छन् । खुट्टामा दवाव पर्न जाँदा र रक्तसञ्चार प्रणाली अवरुद्ध हुन्छ । जसले गर्दा प्रशस्त रगत र त्यसको साथमा अक्सिजन पर्याप्त पुग्न पाउँदैन । यसले गर्दा खुट्टाका स्नायुहरू केही समयको लागि निस्कृय हुन्छन् र बाह्य सन्देश मस्तिस्कसम्म पुग्न सक्दैन् । यसले गर्दा खुट्टा झमझम गर्ने स्पर्श अनुभव गर्न नसकिने र भारी भएको महशुस हुन्छ । जब खुट्टामा दवाव हट्छ अथवा खुट्टा चलाइन्छ अथवा मालिस गरिन्छ र रक्तसञ्चार पुनः नियमित भई खुट्टा निदाउने समस्या हटछ ।


## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिका**
**कालिकोट**

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।
२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।
३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।
४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।
२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method )
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।
३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय**
**कालिकोट**

# तिला कर्णाली बहुमुखी क्याम्पस मध्यपश्चिमाञ्चललाई हस्तान्तरण

**मिसन न्यूज**

**कालिकोट -** कालिकोट जिल्लाको तिला कर्णाली बहुमुखी क्याम्पस मध्य पश्चिमाञ्चल विश्व विद्यालयलाई हस्तान्तरण गरिएको छ । शुक्रबार क्याम्पस संचालक समितिका अध्यक्ष तुलाराज बिष्टको अध्यक्षता तथा मध्यपश्चिमाञ्चल विश्वविद्यालयका उप कुलपती प्राध्यापक डाक्टर उपेन्द्रकुमार कोइरालाको प्रमुख आतिथ्यतामा एक औपचारिक कार्यक्रमको आयोजना गरी त्रिभुवन विश्वविद्यालय अन्तर्गत रहेको तिला कर्णाली बहुमुखी क्याम्पसलाई मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा हस्तान्तरण गरिएको हो ।

कार्यक्रममा बोल्दै मध्यपश्चिमाञ्चल विश्व विद्यालयका उपकुलपती प्राध्यापक डाक्टर उपेन्द्रकुमार कोइरालाले शैक्षिक गुणस्तर सुधार गर्न जोड दिने बताए । उनले तिला कर्णाली बहुमुखी क्याम्पसमा कार्यरत प्राध्यापक, अध्ययनरत विद्यार्थी तथा अन्य शैक्षिक सरोकारवालाहरुलाई गुणस्तरीय शिक्षाका लागि चासो दिन आग्रह पनि गरे । 'क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरुको सेवा सुविधामा कुनै कमी ल्याउँदैनौं । जस अनुसार क्याम्पसमा सक्रियताको पनि आशा लिएका छौं', उनले भने, 'उहाँहरुको सक्रियताले तिला कर्णाली बहुमुखी क्याम्पसको भविष्यका साथै जिल्लाको शैक्षिक भविष्य निर्धाण हुनेछ ।' उनले अब मध्यपश्चिमाञ्चल विश्रुवविद्यालयले प्राविधिक शिक्षामा पनि जोड दिइरहेको शैक्षिक गुणस्तरप्रति चिन्ता व्यक्त गर्दै तिला कर्णाली बहुमुखी क्याम्पसलाई पनि व्यवस्थित बनाउनुपर्ने बताए । उनले जिल्लामा स्नाकोत्तरसम्म अध्यापन गर्ने शिक्षण संस्थाको खाँचो रहेको बताउँदै तथा कर्णाली प्रदेश मुख्यमन्त्रीका प्रमुख स्वकीय सचिव खेमबहादुर सिंह लगायतका अन्य सरोकारवालाहरुले तिला कर्णाली बहुमुखी क्याम्पसको स्तोरोन्नतीको माग गर्दै जिल्लाको समग्र



तिला कर्णाली बहुमुखी क्याम्पस मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा हस्तान्तरण समारोहमा सहभागी सरोकारवालाहरु ।

बताए । उनले मध्यपश्चिमाञ्चल विश्वविद्यालयको इज्जत रहने गरी शिक्षण सिकाई क्रियाकलापहरु संचालन गर्न आग्रह गरे । कार्यक्रममा विशेष अतिथि कर्णाली प्रदेश सभा सदस्य कुर्मराज शाहीले खस्किँदै गएको जिल्लाको तिला कर्णाली बहुमुखी क्याम्पसको स्तोरोन्नतीको पनि खाँचो रहेको बताए । कार्यक्रममा क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष तुलाराज बिष्ट, क्याम्सप समायोजन समितिका संयोजक नन्दबहादुर शाही, विद्यार्थी नेता शैक्षिक गुणस्तर सुधारका लागि सबैको एक्यबद्धताको खाँचो रहेको बताए । कार्यक्रममा जिल्लाका बिभिन्न राजनीतिक दल, जनप्रतिनिधि , नागरिक समाज लगायत अन्य सरोकारवालाहरुको पनि उपस्थिति रहेको थियो । अन्नपुर्ण


**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र भिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# अन्तराष्ट्रिय न्युज

## उत्तर कोरियासंग पुन : वार्ता हुन्छ

वासिङ्टन- अमेरिकी विदेशमन्त्री माइक पोम्पेओले अमेरिका उत्तर कोरियासँग पुनः वार्तामा बस्न सक्ने बताएका छन्। उनले एक अमेरिकी रेडियोलाई दिनुभएको अन्तर्वार्तामा अमेरिकाले उत्तर कोरियाली नेता किम जोङ उनसँग पुनः वार्ता गर्नसक्ने बताउनुभएको जनाइएको छ । उत्तर कोरियाको निशस्त्रीकरणको विषय अमेरिका र उत्तर कोरियाबीचको आपसी चासोको विषय भएकोले उत्तर कोरियासँग अमेरिकाले चासो राखिरहेको र यस विषयमा आवश्यकताअनुसार पुनः वार्ता गर्ने उनको धारणा थियो। अमेरिकाको 'वि ९८ एफएम' लाई दिइएको अन्तर्वार्तामा विदेशमन्त्री पोम्पेओले भनेका छन् 'हामीलाई विश्वास छ कि हामी यस विषयमा प्रतिक्षामा छौं र उत्तर कोरियाले यस विषयमा गरेका प्रतिबद्धताहरु पालना गर्ने विश्वासमा छौं ।' हामीले इतिहासमा नै सबैभन्दा गाह्रो आर्थिक नाकाबन्दी पनि लगाएका छौं र हामीले इतिहासकै सबैभन्दा महत्वपूर्ण कूटनीतिक वार्ताहरु पनि गरेका छौं- उनको भनाई थियो। हनोइमा अमेरिका र उत्तर कोरियाबीचमा भएको उच्चस्तरीय वार्तामा



केही प्रगति भने भएको धारणा राखे। उत्तर कोरियाको आणविक कार्यक्रम यस दशककै गाह्रो विषय भएकोले यसमा अरु केही वार्ताहरु पनि गर्नुपर्ने हुनसक्ने उनको भनाई थियो । उनले भने- 'सिंगापुरमा गत वर्ष भएको वार्तापछि केही हप्तामात्र अघि भियतनामको हनोइमा महत्वपूर्ण वार्ता भयो र त्यहाँ थोरै मात्र भए पनि प्रगति भएको छ, यसलाई हामी आगामी दिनका लागि पनि निरन्तरता दिन चाहन्छौं ।' उता केही दिनमात्र अघि अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जोन बोल्टनले उत्तर कोरियाले आणविक कार्यक्रम त्यागेर निशस्त्रीकरणमा नजाने हो भने संयुक्त राज्य अमेरिकाले पनि उसमाथि नाकाबन्दी लगाउने बताएका थिए।

# ज्ञानमाला

१. सुरक्षा परिषदको अस्थायी सदस्यहरूको निर्वाचन कति वर्षको लागि गरिन्छ ?
-२
२. सुरक्षा परिषदका १० अस्थायी राष्ट्र मध्ये पूर्वी यूरोप राष्ट्र र पश्चिम यूरोप राष्ट्र तथा अन्यबाट क्रमशः कति राष्ट्र चुनिन्छन् ?
-पूर्वी यूरोप १ र पश्चिम यूरोप २
३. आर्थिक तथा सामाजिक परिषदमा कति सदस्य रहन्छन् ?
- ५४
४. आर्थिक तथा सामाजिक परिषदका ५४ सदस्यहरू कति वर्षको लागि चुनिन्छन् ?
-३ वर्ष
५. अन्तराष्ट्रिय न्यायलयका न्यायधिशहरूको पदावधि कति वर्षको हुन्छ ?
-९ वर्ष
६. अन्तराष्ट्रिय न्यायलयमा एक जना प्रमुख न्यायधीश हुन्छन, भने उनको कार्यकाल कति वर्षको हुन्छ ?
-३ वर्ष
७. अन्तराष्ट्रिय न्यायलयको प्रधान कार्यालय कहाँ रहेको छ ?
-नेदरल्याण्डको हेग
८. अन्तराष्ट्रिय न्यायलयको औपचारिक भाषा के-के हुन् ?
-फ्रेन्च र अंग्रेजी
९. संयुक्त राष्ट्रसंघको प्रशासकीय अंग कुन हो ?
-सचिवालय
१०. UNO महासचीव तथा न्यायधीशहरूको नियुक्ति कसरी हुने व्यवस्था छ ?
-सुरक्षा परिषदको सिफारिश र महासभाको २(३ बहुमतको आधारमा
११. संयुक्त राष्ट्रसंघको प्रथम महासचीव को र कुन देशका थिए ?
-ट्रिग्वेली, नर्वे
१२. संयुक्त राष्ट्रसंघको स्थापना कालदेखि हालसम्म कति जना महासचीवहरूको नियुक्ति भएको छ ?
-८ जना
१३. नेपालले संयुक्त राष्ट्र संघको सदस्यता कहिले प्राप्त गऱ्यो ?
-१४ डिसेम्बर १९५५
१५. सन् १४ डिसेम्वर १९५५ मा नेपाल लगायत १६ वटा राष्ट्रले संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गरेका थिए, भने त्यस कार्यलाई के भनिन्छ ?
-Package deal


## रास्कोट नगरपालिकाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

रास्कोट नगरपालिका कार्यालय
कालिकोट

एक घर एक करेसावारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥

पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैंक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# सार्वजनिक शौचालय नहुँदा बजार क्षेत्र दुर्गन्धित बन्दै

**मिसन न्यूज**

**जुम्ला** - जुम्ला सदरमुकाम खलंगामा सार्वजनिक शौचालय नहुँदा बजार क्षेत्र दिन प्रतिदिन फोहोर बन्दै गएको छ। बढ्दो सहरीकरण, अव्यवस्थित फोहोर लगायातका कारण बजार क्षेत्र दुर्गन्धित बन्दै गएको हो। जिल्लाका ग्रामिण क्षेत्र तथा अन्य जिल्लाबाट सदरमुकाम आउने नागरिकलाई सार्वजनिक शौचालय नहुँदा सकस हुने गरेको छ। सार्वजनिक शौचालयको अभावमा सदर मुकामका जुगाड खोला किनार लगायातका ठाउँमा खुला दिशा पिसाब गर्न बाध्य छन्। तर यसमा सरोकार वाला निकायको ध्यान जान नसकेको स्थानीयको गुनासो छ। सार्वजनिक शौचालय नहुँदा खुल्ला दिशा मुक्त क्षेत्र घोषणा मै सिमित रहेको छ। चन्दननाथ नगरपालिका वडा नम्बर ११ की स्थानीय देवु सुनारले अव्यवस्थित फोहोरका कारण जुम्ला सदरमुकामको स्वरुप नै परिवर्तन भएको छ। दुर्गन्धित फोहोर नै नगरपालिकाको पहिचान नै भएको छ, उनले भनिन्, 'चुनाव ताका समृद्ध नगर बनाउने सपना अहिले कहाँ गए, कहाँ बिलाए। भएका सार्वजनिक शौचालय व्यवस्थित नहुनु र आवश्यकता अनुसार शौचालय नहुनु प्रमुख समस्याको रुपमा देखा परेको छ।' अपांगमैत्री शौचालय निर्माण गर्दै स्थानीय तह सदरमुकाममा रहेको फोहोर व्यवस्थापनको लागि वडा नम्बर ५ कार्यालयलले अपांगता मैत्री शौचालय निर्माण गर्ने भएको छ। सदर मुकाममा बढ्दो जनसंख्यालाई मध्यनजर गर्दै शौचालय निर्माण गर्न लागिएको उनले बताए। उद्योग बाणिज्य संघ जुम्ला र ५ नम्वर वडाले अपांगमैत्री सार्वजनिक शौचालय निर्माण गर्न थालेको चन्दननाथ नगरपालिका वडा नम्बर ५ का अध्यक्ष अर्जुनसिंह कठायतले बताए। 'यसअघि भएका शौचालयको संरक्षण हुन नसक्दा बजार क्षेत्र फोहोर बन्दै गयो', उनले भने, 'सार्वजानिक शौचालयमा पानीको व्यवस्था छैन। शौचालय बनाइएको छ तर ताला लगाइएको छ। बजारमा किनबेचका लागि आउने नागरिकलाई सार्वजानिक कहाँ छन् भन्ने बारे नै थाहा छैन्।' जथाभावी फोहोर फाल्नेलाई जरिवाना हुने यस चन्दननाथ नगरपालिकाले सफा र सुन्दर नगरपालिका बनाउने जनाइएको थियो। तर अहिले समृद्ध नगरको सपना सपना मै सिमित रहेको छ। त्यस्तै स्मार्ट सिटीको अवधारणाले पनि अझै गति लिन सकेको छैन। नगरपालिका कार्यान्वयनमा आएको पनि



बाँकी ८ पृष्ठमा..


## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं। रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**

**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।**

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## अस्पताल नजाँदा सुत्केरीको ...............................

सम्भव नभएपछि कर्णाली प्रदेश अस्पताल सुर्खेतमा रेफर गरिएको जिल्ला अस्पताल कालिकोटका प्रमुख डा. भिष्म पोखरेलले जानकारी दिए । सुर्खेत लैजाँदै गर्दा शुक्रबार राती तीन बजे गुराँसैमा उनको ज्यान गएको हो। सानै उमेरमा दुईवटा बच्चा जन्माउनु, कमजोर शरिर, अत्यधिक रक्त श्राप र समयमै उपचार नपाउँदा मीनाको ज्यान गएको डा. पोखरेलले दाबी गरे। ग्रामीण बस्तीमा चेताना अभावले अझै पनि अधिकांश महिला सुत्केरी गराउन अस्पताल जान मान्दैनन् । लामो समयसम्म रोग लुकाउने, अवस्था गम्भीर भएपछि मात्र अस्पताल लाने गरिएकाले धेरै महिनाले ज्यान गुमाउनु परेको छ। यता नरहरीनाथ गाउँपालिका अध्यक्ष धिरबहादुर बिष्टले घरमै सुत्केरी भएर ज्यान गुमाउन नपरोस भनेर विभिन्न सहयोग गरे पनि महिला अँझै स्वास्थ्य संस्थासम्म जान अन्कनाउने गरेको दावी गरे ।

## सार्वजनिक शौचालय नहुँदा....................

लामो समय विति सक्दा पनि फोहोर व्यवस्थापनको लाथि ल्याण्ड फिल्ड साईड बन्न सकेको छैन। यसैबीच, अव बजार जथाभावी फोहोर गर्नेलाई स्थानीय तहले कारबाहि गर्न भएको छ । ५ नम्बर वडाको बैठकले जथाभावी फोहोर फ्याक्नेलाई एक हजार रुपैयाँ जरिवाना गर्ने निर्णय गरेको छ। बजार क्षेत्र कुरुप बन्दै गएका कारण जरिवाना गर्ने निर्णय वडा कार्यालयले गरेको हो। 'अब तत्काल फोहोर व्यवस्थापन गर्नको लागि ल्याण्डफिल्डको व्यवस्था गरिने छ', वडा अध्यक्ष कठायतले भने । तत्काल दुई ओटा कर्मचारी राखेर एक दुइ हप्ता मै फोहोर व्यवस्था गर्नको लागि तयारीमा जुटेको जानकारी दिए ।राजधानीबाट

## गहुँबारीमा.................. .................

गरिएका १० वटा कृषक समूहलाई प्रतिसमूह तीनवटा पोलिहाउस र सिँचाइका लागि पानी जम्मा गर्ने ट्यांकीसहित अन्य सामग्री सहयोग गरेका छौं ।

किसानले अहिले प्लास्टिक घरभित्र उत्पादित तरकारीबाट मनग्गे आम्दानी गरिरहेका छन् ।' जिल्ला सदरमुकाम समेत रहेको मान्म बजारमा बाहिरबाट आउने तरकारीमा विस्थापित गराई स्थानीय किसानलाई तरकारीबालीबाट आत्मनिर्भर बनाउने नगरपालिकाको योजना रहेको कृषि शाखा प्रमुख काफ्लेले बताए । अन्नपुर्णबाट


## पचालझरनाको सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**पचालझरना गाउँपालिका कालिकोट**



## बेस्ट कर्णाली मिडियाको नौलो धमका

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा कर्णाली प्रदेशबाट सूचिकरण भएको www. missionenews.com डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक (ख) बर्गमा वर्गिकृत पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं

हाम्रा विशेषताहरु

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डुकुमेन्ट्रीउत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com



## महावैको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुघर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुघर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं ।**

**महावै गाउँपालिकाको कार्यालय कालिकोट**



## 'भ्रष्टाचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको ब्यक्तिले भ्रष्टाचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भ्रष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्याउन हुन अनुरोध छ ।

सर्म्पक ठेगाना

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com



बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
मिसन न्यूज
Mission News National Weekly
राष्ट्रिय साप्ताहिक
www.missionenews.com

सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल, कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट , फोन नं. - ०८७-४४०२४२, ९८४८०४९४५५ ,९८६८३१५३५३ , इमेल : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com ,मुद्रणः ईश्वर अफ्सेट प्रेस खाँडाचक्र-१, कालिकोट